**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०५ सितम्बर २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले - गुणवत्तापूर्ण शिक्षाको मध्यम द्वारानै विकसित भारतको लक्ष्य प्राप्त गर्न सकिने बताउनुभएको छ ।

- प्रधानमंत्री नरेंद्र मोदीले शिक्षकहरुसित पाठ्यपुस्तकहरु देखि अघि बढेर विद्यार्थिहरुको जीवनलाई असल बनाउने अनि उनीहरुको बाल्यकाललाई सुरक्षित राख्न ठुलो भूमिका निभाउने आह्वान गर्नुभएको छ ।

- पश्चिम बङ्गालका राज्यपाल आर. एन. रवि अनि मुख्यमन्त्री शुभेन्दु अधिकारीले शिक्षक दिवसको अवसरमा भारतका पूर्व राष्ट्रपति, महान दार्शनिक एवं भारत रत्न डा. सर्वपल्ली राधाकृष्णनलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

- राज्यका पर्यटन मंत्री शंकर घोषले डुआर्समा पर्यटनलाई बढ़ावा दिनको साथै वन एवं पर्यावरण संरक्षण माथि विशेष जोर दिईने संदेश दिनुभएको छ ।

- पश्चिम बङ्गालमा अहिले मनसुन सक्रिय रहेको छ। मौसम विभागले केही स्थानहरूमा भारी वर्षा हुने चेताउनी पनि दिएको छ।

## राष्ट्रपति - राष्ट्रीय शिक्षक पुरस्कार

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ कि गुणवत्तापूर्ण शिक्षाको मध्यम द्वारानै विकसित भारतको लक्ष्य प्राप्त गर्न सकिनेछ । शिक्षक दिवसको अवसरमा आज नयाँ दिल्लीमा राष्ट्रीय शिक्षक पुरस्कार-2026 समारोहलाई संबोधित गर्नुहुँदै राष्ट्रपतिले भन्नुभयो – जुन समाजले आफ्नो शिक्षकहरुको सम्मान गर्दछ त्यो साचो अर्थमा प्रगतिशील समाज हुंदछ ।राष्ट्रपतिले भन्नुभयो- शैक्षणिक उत्कृष्टता, कौशल विकास अनि उद्यमिताले देशको विकासमा महत्वपूर्ण भूमिका निभाउद छ । उहाले भन्नुभयो- ज्ञानको शक्ति बन्नको साथै भारतलाई विश्वको स्किल कैपिटल बनाउनु देशको प्राथमिकता हो ।ज्ञानलाई सबैभन्दा ठुलो शक्ति बताउनु हुँदै राष्ट्रपतिले भन्नुभयो कि शिक्षाले मानिसहरुलाई स्वतंत्र रूपले सोच्ने , सठिक निर्णय लिने अनि देशको प्रगतिमा सार्थक योगदान दिनमा सक्षम बनाउदछ । उहाले अझ भन्नुभयो कि समर्पित शिक्षक देशको विकासमा महत्वपूर्ण भूमिका निभाउ राष्ट्र निर्माता हुन् । राष्ट्रपतिले आज राष्ट्रीय शिक्षक पुरस्कार प्रदान गर्नुभयो । 27 राज्यहरु , सात केंद्र शासित प्रदेशहरु अनि केंद्र सरकारको छ वटा संगठनहरुबाट चुनिएका 48 स्कूल शिक्षकहरुलाई यो पुरस्कार प्रदान गरियो ।राष्ट्रपतिले उच्च शिक्षण संस्थानहरु अनि पॉलिटेक्निकका 21 शिक्षकहरु साथै संकाय सदस्यहरुलाई पनि राष्ट्रीय शिक्षक पुरस्कार प्रदान गरियो । यसमा केंद्रीय उच्च शिक्षण संस्थानहरुको 12, राज्य विश्वविद्यालयहरु अनि महाविद्यालयहरुका पांच तथा पॉलिटेक्निकका चार शिक्षक अनि संकाय सदस्य

सामेल छन् । यस अवसरमा **शिक्षा मंत्री प्रह्लाद जोशी,** शिक्षा राज्य मंत्री जयंत चौधरी अनि डॉ. सुकांत मजूमदार, स्कूली शिक्षा सचिव टी. के. अनिल कुमार, उच्च शिक्षा सचिव दीप्ति गौर मुखर्जी तथा कौशल विकास अनि उद्यमिता सचिव देबाश्री मुखर्जी उपस्थित हुनुहुन्थ्यो ।

## प्रधानमंत्री - शिक्षक दिवस

प्रधानमंत्री नरेंद्र मोदीले शिक्षकहरुसित पाठ्यपुस्तकहरु देखि अघि बढेर विद्यार्थिहरुको जीवनलाई असल बनाउने अनि उनीहरुको बाल्यकाललाई सुरक्षित राख्न ठुलो भूमिका निभाउने आह्वान गर्नुभएको छ ।प्रधानमंत्रीले हिज नयाँ दिल्लीमा राष्ट्रीय शिक्षक पुरस्कारबाट सम्मानित शिक्षकहरुसित बातचीत गर्नुभयो । सोशल मीडिया पोस्टमा यस बातचितको झलकहरु साझा गर्दै श्री मोदीले भन्नुभयो - शिक्षकहरुले यो सुनिश्चित गर्न पर्नेछ कि प्रतेक विद्यार्थी भित्र बाल्यकाल बचपन जीवंत रहोस् र यसैले शिक्षकहरुले आफ्नो भीत्रको बालकपन जीवित राख्न पर्नेछ । श्री मोदीले नानीहरूमा अत्यधिक स्क्रीन समय बारे चिंता ब्येक्त गर्नुभयो । उहाले स्क्रीनको लत कम्ति गर्नको लागि खेलकूद, बाहीरी गतिविधिहरु अनि रचनात्मक कार्यहरुलाई प्रोत्साहन दिने सुझाव दिनुभयो ।

## शिक्षक दिवस- राज्यपाल आरएन रवि

पश्चिम बङ्गालका राज्यपाल आर. एन. रविले शिक्षक दिवसको अवसरमा सबै गुरूजनहरूलाई नमन गर्नुभयो । उहाले सामाजिक माध्यममा पोस्ट गरी महान शिक्षक, दार्शनिक अनि' पूर्व राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णनको जयन्तीमा उहालाई विनम्र श्रद्धाञ्जली अर्पण गर्नुभयो । उहाले शिक्षक दिवसमा देश अनि समाज निर्माणमा योगदान दिने सबै शिक्षकहरूप्रति सम्मान र कृतज्ञता व्यक्त गर्नुभयो ।

## शिक्षक दिवस- शुभेन्दु अधिकारी

पश्चिम बङ्गालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले पनि शिक्षक दिवसको अवसरमा भारतका पूर्व राष्ट्रपति, महान दार्शनिक एवं भारत रत्न डा. सर्वपल्ली राधाकृष्णनलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो । उहाले आज बिहान सोशल मिडियामा सन्देश साझा गर्दै डा. राधाकृष्णनलाई नमन गर्नुभयो अनि सबै शिक्षक-शिक्षिकाहरूप्रति सम्मान एवं कृतज्ञता व्यक्त गर्नुभयो । मुख्यमन्त्रीले आफ्नो सन्देशमा भन्नुभयो - एकजना आदर्श शिक्षकले पाठ्यपुस्तकको ज्ञान दिनको साथै अन्धकारमा प्रकाशको मार्ग देखाउँदछन्।

## डुआर्स -पर्यटन विस्तार

राज्यका पर्यटन मंत्री शंकर घोषले डुआर्समा पर्यटनलाई बढ़ावा दिनको साथै वन एवं पर्यावरण संरक्षण माथि विशेष जोर दिईने संदेश दिनुभएको छ । विश्व पर्यटन दिवसलाई ध्यानमा राख्दै जलपाईगडीको गोरुमारा राष्ट्रीय उद्यान नजिक लाटागुड़ीमा आज पर्यटन विभाग अनि पर्यटन उद्योगसित सम्बन्धित विभिन्न संगठनहरुको तर्फबाट बिभिन्न कार्यक्रम आयोजित गरियो ।लाटागुड़ी आफ्नो प्राकृतिक सुंदरता, जंगल अनि गोरुमारा राष्ट्रीय उद्यानको वन्यजीवहरुको कारण देशको पर्यटन मानचित्रभित्र एक महत्वपूर्ण स्थान बनेको छ । यसै प्राकृतिक संपदालाई केंद्रमा राखेर क्षेत्रमा पर्यटन उद्योगको विस्तारको दिशामा विभिन्न पहल गरिँदैछ ।कार्यक्रममा राज्यका पर्यटन मंत्री शंकर घोष, जलपाईगडीका सांसद जयंत राय सहित पर्यटन विभाग अनि आयोजक संगठनका प्रतिनिधिहरु उपस्थित थिए ।यस कार्यक्रममा लाटागुड़ी वाटर पार्कको उद्घाटन गरियो । यस अवसरमा मंत्री शंकर घोषले राज्य सरकारले पर्यटन विकासको लागि धेरै योजनाहरु माथि काम गरिरहेको बताउनुभयो ।

## संशो नेपाल बाढ़ - मृतक संख्या

नेपालमा आएको विनाशकारी बाढ़मा मर्नेहरुको संख्या बढेर 1 हजार 344 पुगेको छ । प्रभावित आठ जिल्लाहरुमा बचाव अभियान जारी छ , लगभग पांच हजार मानिसहरु अझ पनि लापता छन् । अहिलेसम्म 13 हजार भन्दा अधिक मानिसहरुलाई बचाईसकिएको छ ।नुवाकोट जिल्लामा एकजना 60 वर्षीय महिलालाई भत्किएको चार तल्ले भवन मुनिबाट 10 दिन पछि जीवित उद्धार गरिएको छ । उनलाई उपचारको लागि अस्पतालमा भर्ती गराईएको छ । धेरै शवहरु पूर्ण रुपमा क्षतिग्रस्त भएकोले

मृतकहरुलाई चिन्हित गर्न डीएनए जांच शुरू गरिएको छ। अहिलेसम्म केवल 96 शवहरु चिन्हित गरेर उनीहरुको परिवारलाई सुम्पिएको छ। मीडिया रिपोट अनुसार आपदामा चीनका कम्तिमा पनि 21 जनाको मृतु भएको छ जबकि तिब्बतमा 500 भन्दा अधिक मानिसहरु अझ पनि लापता छन्। यसै बीच, नेपाल, भारत अनि चीनको बचाव दलहरुले बाढ़ प्रभावित जलविद्युत परियोजनाहरुको सुरुंगमा फंसेका मानिसहरुलाई बचाउन संयुक्त अभियान चलाईरहेको छ।

## मिरिक महाविद्यालय - स्थापना दिवस

मिरिक महाविद्यालयको २६औँ स्थापना दिवस आज विविध कार्यक्रमका साथ भव्य रूपमा सम्पन्न भएको छ। स्थापना दिवस समारोहमा प्रमुख अतिथिका रूपमा दार्जिलिङका सांसद राजु विष्ट तथा विशिष्ट अतिथिका रूपमा खरसाङका विधायक सोनम लामाको उपस्थिति रहेको थियो। समारोहमा महाविद्यालयका वरिष्ठ संस्थापक सदस्य एल.बी. देवान लगायत संस्थापक सदस्यहरू, मिरिक महकुमा शासक तथा मिरिक महाविद्यालय प्रशासक कृष्णकान्त घोष, मिरिक सिभिक सोसाइटीका सदस्यहरू, महाविद्यालयका प्राध्यापकगण, अशिक्षण कर्मचारीगण तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रमको प्रारम्भमा मिरिक महाविद्यालयका प्राचार्य डा. शेरभ भुटियाले स्वागत सम्बोधन राख्नुभयो महाविद्यालयको २६ वर्षे शैक्षिक यात्रालाई स्मरण गर्दै संस्थाको विकासमा योगदान पुऱ्याउने सबैप्रति आभार व्यक्त गर्नुभयो। समारोहलाई सम्बोधन गर्दै सांसद राजु विष्ट तथा विधायक सोनम लामाले मिरिक महाविद्यालयको शैक्षिक, प्रशासनिक तथा भौतिक पूर्वाधारको विकासमा आवश्यक सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन्।यसै अवसरमा महाविद्यालयका वरिष्ठ शिक्षक तथा अवकाशप्राप्त शिक्षक-प्रभारी डा. आनन्द खड्कालाई 'Lifetime Distinguished Award' प्रदान गरिएको थियो।

## BGPM

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको खरसाङमा हुने आफ्नो छैंटौं स्थापना कार्यक्रमलाई लिएर खरसाङस्थित पार्टी कार्यालयमा सभा सम्पन्न भएको छ। सभामा वक्ताहरुले आगामी 9 सेप्टेम्बरमा खरसाङको मन्टिभियट खेल मैदानमा आयोजना हुने पार्टीको छैटौं स्थापना दिवसलाई लिएर तयारीहरुको समीक्षा गरेका थिए।

## अवैध निर्माण – सिलगडी

सिलगडी नगर निगमको 26 नंबर वार्डको बाबूपाड़ा स्थित आलू चौधरी मोड़ इलाकामा अवैध निर्माण बिरुद्ध नगर निगमले आज कडा कार्रवाही गरेको छ। नगर निगमको दलले एउटा बहुताल्ले भवनको अवैध भागलाई तोडेर पूर्ण रुपमा हटाईदिएको छ। नगर निगम सूत्रहरु अनुसार, सम्बन्धित बहुताल्ले भवनमा अनुमति बिनै अतिरिक्त निर्माण गरिएको थियो।

## मौसम

पश्चिम बङ्गालमा अहिले मनसुन सक्रिय रहेको छ। राज्यको दक्षिणी र उत्तरी भागहरूका बेग्ला-बेग्लै स्थानहरूमा वर्षा भैरहेको छ। मौसम विभागले केही स्थानहरूमा भारी वर्षा हुने चेताउनी पनि दिएको छ।उत्तर बङ्गालमा वर्षाको प्रभाव अधिक रहने अनुमान लगाइएको छ। दार्जीलिङ, कालेबुङ, जलपाईगडी र अलिपुरद्वारका कतिपय स्थानहरूमा वर्षा अनि कतिपय स्थानहरूमा भारी वर्षा हुनसक्छ भने कुचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र मालदामा पनि बादल लाग्नको साथै वर्षा हुने सम्भावना छ। पहाड़ी जिल्लाहरूमा निरन्तर पानी पर्ने, पैहो जानेर तल्लो क्षेत्रहरू जलमग्न हुने स्थिति उत्पन्न हुनसक्छ।

****** ० ******